नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईनः ०१०-५४००१९(२४सैं घण्टा)
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः daorasuwa.moha.gov.np
Google+ code: 476K+J6
Google Plus: 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं :-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

# सूचना

जनताको जीउधन, स्वतन्त्रताको संरक्षण गर्न र प्रभावकारी कानून कार्यान्वनका लागि प्रविधिको प्रयोग गरी मानवीय सुरक्षा, सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा एवं अपराध नियन्त्रण गरी शान्ती सुरक्षालाई व्यवस्थित बनाउन विद्युतीय (सि.सि.टि.भि.) उपकरणको प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७२ जारी भएको व्यहोरा विदितै छ ।

यस जिल्लामा रहेको सार्वजनिक स्थान, ब्यापारिक केन्द्र, वित्तीय संस्था, होटल, मूल्यवान वस्तु तथा गरगहना व्यवसाय हुने स्थान, अन्य व्यापारिक कारोबार हुने स्थानहरूको सुरक्षार्थ सम्बन्धित व्यक्ति, व्यवसायी/व्यापारी, कम्पनी वा संघ संस्थाहरु लगायत निजी सुरक्षाको लागि जडान गरिएको सि.सि.टि.भि.बाट खिचिएको दृश्यहरु गृह मन्त्रालयद्वारा जारी **सि.सि.टि.भि.जडान तथा संचालन सम्बन्धी कार्यविधि, २०७२** मा व्यवस्था भए बमोजिम कम्तिमा तीन(३) महिना सुरक्षित रहने गरी भण्डारणको व्यवस्था मिलाउनु हुन सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सुपरिवेक्षण तथा अनुगमनको क्रममा तोकिए बमोजिम मापदण्ड पुरा भएको नपाइएमा विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कारबाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

मितिः २०७९।०४।११

२०७९।०४।११

(दयाराम पौडेल)
सहायक प्रमुख जिल्ला अधिकारी